लालबन्दी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही, मधेश प्रदेश, नेपाल

## आन्तरिक आय ठेक्कासँगसम्वन्धित सूचना ।

(प्रथम पटक प्रकासित मिति : २०८०/०२/३२)

यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका आन्तरिक श्रोत तर्फको कर, शुल्क तथा दस्तुरहरु आ.ब. २०८०/०८१ का लागि लालबन्दी नगरपालिकाले तोकेको दररेटमा संकलन गर्नेगरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रही आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०७८/०७९ को करचुक्ताको प्रमाणित प्रतिलिपिहरू, कारवाही वा कालोसूचीमा नपरेको स्वःघोषणा र अख्तियारनामा सहित रितपूर्वक बिचुतिय बोलपत्र (E-Bidding) आब्हान गरिएको छ । विस्तृत जानकारी तथा बोलपत्र फारम र सोसँग सम्बन्धित कागजातका लागि www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाइट www.lalbandimun.gov.np मा हेर्नुहुन समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| ठेक्का नं. | ठेक्काको किसिम | क्षेत्र | न्यूनतम अंक | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| आ.आ. ०१-०८०/०८१ | गोरु बजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर बजार | रु.३०,३०,५००।- (तीस लाख, तीस हजार, पाँच सय मात्र) | रु.३,०००।- | |
| आ.आ. ०२-०८०/०८१ | डुमडुमे मन्दिर देखी दक्षिण तर्फको टमाटर तथा अन्य तरकारी बजार | लालबन्दी न.पा. बजार, वडा नं. ७ | रु.६१,६०,०००।- (एकसठ्ठी लाख, साठी हजार मात्र) | रु.३,०००।- | |
| आ.आ. ०३-०८०/०८१ | खसी, बाख्रा एवं राँगा मासु तथा सो आसपासको बजार, लालबन्दी (स्टल र सटर बाहेक) | लालबन्दी न.पा. बजार, वडा नं. ७ | रु.२८,१०,५००।- (अठ्ठाईस लाख, दश हजार, पाँच सय मात्र) | रु.३,०००।- | |

**सर्तहरु :**

१. ठेक्का २०८१ आषाढ मसान्तसम्मको लागि लागू हुनेछ ।

२. प्रति बोलपत्र फारम दस्तुर रकम रु.३०००/-(तीन हजार मात्र) यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२** मा जम्मा गरी Scan कपी बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।

३. बोलपत्र फारम साथ धरौटी बापत कबोल अंकको (मू.अ. कर सहित) ५(पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको **धरौटी खाता नं. १२८०१००३०३००००२** मा रकम जम्मा गरेको अर्धकट्टीको सक्कल भौचरको वा "क" वर्गको बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको रितपूर्वकको बोलपत्र जमानत(विड वण्ड) को Scan कपी बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजेसम्म अनिवार्य Online प्रणालीमा पेश गरी सक्नु पर्नेछ । सोही दिन दिनको ०२:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।

५. बोलपत्रदाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

६. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल सरकार र प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही बमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क बोलपत्र दाता स्वयंले ब्यहोर्नुपर्नेछ ।

७. स्वीकृत बोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम बोलपत्र स्विकृत भएको मितिले १५(पन्ध्र) दिन भित्र कुनै छुट नहुने गरी ५० प्रतिशत नगद र बाँकी ५० प्रतिशतको ४(चार) महिना म्याद भएको कार्यसम्पादन जमानत बुझाउनु पर्नेछ र सो को आधारमा सम्झौता गरि पट्टा उपलब्ध गराइनेछ । बोलपत्र दाताले कार्यसम्पादन जमानतको अन्तिम म्याद भन्दा एक महिना अगावै यस कार्यालयको आन्तरिक राजश्व खातामा जमानत बराबरको रकम दाखिला गरिसक्नु पर्नेछ ।

८. कुनै कारणले बोलपत्रदाताले बोलपत्र सम्झौता गर्न नसकेमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कारवाही गरिनेछ ।

९. लालबन्दी नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरु तिर्नुपर्ने बक्यौता देखिएमा त्यस्ता फर्म/व्यक्तिहरुको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको बक्यौता रकम धरौटीवाट असूलउपर गरी बाँकी रकम भुक्तानी गरिनेछ ।

१०. बोलपत्र ठेक्का सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । अन्य कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत